

# अध्याय -८

# ख्रीष्टका आकारले ढालिएका जीवनहरू र पवित्र आत्माले प्रेरित गरेका मिठो बोलिवचन

**यस अध्यायका मूल पदहरू: एफिसी ४:१७-३२; कलस्सी ३:१-१७; जकरिया ३:३-५; जकरिया ८:१६; यशैया ६३:१०; रोमी ८:१६,२६,२७।**



**यस अध्यायको मूल सार पदः "छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।" एफिसी ४:२२-२४।**

योशे आन्टोनियो स्पेनको पाल्मा सडकमा वर्षौंसम्म सुत्दथे। उसको घरबार थिएन। योशे ५७ वर्षको भएतापनि उसको लामो दाह्री र शिरको लामो खरियो कपालले धेरै बुढो देखिन्थ्यो। एक दिन कपाल काट्ने पसलको मालिकले साल्भा गार्सियाले बिना पैसा योशेको कपाल काटेर उसलाई सफा बनाइदिन्छु भनेर प्रस्ताब राख्यो।

कपाल काट्नेहरू मिलेर योशेको कपाल काट्यो। लट्ठ परेकोले त्यो कपाल हतपत काट्न गाऱ्हो थियो। तर सबै जना मिलेर काटे। उसको कपाल रङ्गायो र उसलाई सुहाँउदो दाऱ्ही र कपाल तिनीहरूले मिलाए। त्यसपछि

उसलाई चिटिक्क पार्ने नयाँ लुगा पनि पहिऱ्याइ दियो। अनि बल्बब आफू को हो भनेर उसले थाहा पायो! ऐना अगाडि उभेर गहभरी आँशु खसाल्दै उसले बोल्यो, "के यो त्यही मानिस हो र? म कस्तो फरक छु; अब मलाई कसैले चिन्ने छैन!" पछि उसले थप्यो, "मेरो हेऱ्याइमात्र होइन, यसले मेरो जीवन नै परिवर्तन गरिदियो!"

विश्वासीहरू पूरै परिवर्तन भइसकेको अनुभव गरेका थिए भनेर एफिसी ४:१७-३२मा पावलले जिकिर गर्दछन्। तिनीहरूले तिनीहरूको पुरानो जीवनलाई पुखाली सक्यो र नयाँ जीवन लगाएको छ र नयाँ पहिचान भइसकेको छ। केही हदमा योशेको परिवर्तन जस्तै हो, तर बाहिरीरूप परिवर्तनमात्र होइन। विश्वासीहरू "परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गरेकाछन्।" एफिसी ४:२४। यो नै विश्वासीहरूको आमूल परिवर्तन वा काँचुली फेरिएको जीवन हो।

## १. पापले गर्दा तल तल गिर्ने जीवन

**इसाई हुँ वा ज्योतिका सन्तान हौं भनेर दावी गर्नेहरूले मौखिक वा औपचारिक रूपमा मात्र होइन व्यवाहारिकरूपमा जीवन बिताएर चर्चको एकता कायम राख्न पावलले विश्वासीहरूलाई आग्रह गर्दछन्। तिनीहरूले कस्तो जीवन विताउनुपर्छ ताकि चर्चमा एकत कायम होस् भनेर देहायका पदहरूमा पावलले कसरी व्यक्त गर्दछन्? हेर्नुहोस्, "१७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्। २० तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। २५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप**

नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। ३१ सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।" एफिसी ४:१७-३२ र "१ यसकारण यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ। २ माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन। ३ किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ। ४ ख्रीष्ट, जो हाम्रो जीवन हुनुहुन्छ, उहाँ प्रकट हुनुहुँदा तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ। ५ यसकारण तिमीहरूमा जो सांसारिक स्वभावका कुराहरू छन् तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो। ६ यिनै कुराहरूका खातिर परमेश्वरको क्रोध आज्ञा नमान्नेहरूमाथि आउँदछ। ७ तिमीहरू पनि यी कुरामा रहँदा अघि एक समय यस्तै कुरामा चल्दथ्यौ। ८ तर अब तिमीहरूले पनि यी सबै कुरा त्यागः रीस, क्रोध, डाह, निन्दा, आफ्नो मुखबाट निस्कने फोहोर बोली। ९ एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ, १० र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भइरहेको छ। ११ यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ। १२ यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। १३ एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। १४ यी सबैभन्दा बढ़ी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ।

१५ ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। साँच्चै, तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ। तिमीहरू धन्यवादी होओ। १६ ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ। १७ कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूको नाउँमा गर।" कलस्सी ३:१-१७।

यो भन्दा अघिको अंश एफिसी ४:१६मा पावले चर्चमा हुनुपर्ने एकताको विषयमा जोर गर्दछन्। एफिसी ४:१ र एफिसी ४:१७लाई तुलना गरेर हेरियो भने दुवै अर्तीहरूमा येशूभावनामाभावित भएर कसरी हिँड्ने र जिउने भन्ने पावललको चाहनालाई हामी देख्दछौं। चर्चमा एकतामा रहेर आफ्नो जीवनशैलीले येशूको इज्जत राख्नुपर्छ भनेर पावलले जिकिर गर्दछन्। येशूभक्तको जीवनमा के नकारात्मक प्रवृत्ति, मिजास र चरित्र हुनुहुन्न भन्ने उनले लेख्दछन्।

एफिसी ४:१७-२४मा पावलले अन्यजाति वा नास्तिकहरूको जीवनशैलीसँग विश्वासीहरूको जीवनशैली कसरी मिल्दैन भनेर उल्लेख गर्दछन्। ती अन्यजाति, नास्तिक वा येशूलाई हृदयदेखि विश्वास नगर्नेहरूले चर्चको एकतालाई भाँडिरहेका हुन्छन् (एफिसी ४:१७-१९)। तर सत्य इसाई वा येशूभक्तहरूको जीवन शैलीनै एक आपसमा पोष्टाउने हुन्छ (एफिसी ४:२०-२४)। अन्यजाति वा परमेश्वरलाई विश्वास नगरि जीवन बिताउनेहरूको जीवनशैली नै निच, तल्लोस्तर र खस्किएको हुन्छ, तर तिनीहरूलाई परमेश्वरले ख्रीष्टबाट उद्धार गर्न सक्नुहुन्छ र परमेश्वरका जनहरूमा पूर्णरूपमा सहभागी हुने अवसर उपलब्ध गराइएको छ (एफिसी २:११-२२, एफिसी ३:१-१३)। एफिसी ४:१७-१९मा केवल भौतिक शरीर र अभिलाषामामात्र (एफिसी २:११) तल्लित हुने अन्यजाति, अनिश्वरवादीहरूको मिजास, प्रवृत्ति र चरित्र कस्तो हुन्छ भनेर पावलले केही नकारात्मक वयान दिएका छन्।

अन्यजाति, अयहूदी वा अनिश्वरवादीहरूले विशेष पापहरू वा व्यवहारमात्र देखाइरहेका छैनन् भनेर पावलले चासो राख्दछन्। तर तिनीहरू पापको पकडमा रहेर जीवन ढाँचा नै निच भइरहेको, तल्लोस्तरमा गिरिरहेको भनेर पावलले आफ्नो चिन्ता व्यक्त गर्दछन्। एफिसी ४:१७को मुटुमा अन्य जातिहरूको आत्मिकरूपमा पत्थरको जीवन बिताइरहेका थिए भनेर चित्रण

गर्दछन्। "१७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्।" एफिसी ४:१७-१९।

खाली इन्द्रियतृप्ति वा भौतिक जीवनको निम्तिमात्र जिउनेहरू आत्मिक कुराहरूमा चासो राख्दैनन्। आत्मामा पत्थर हुने मानिसहरूको समझशक्ति नै अन्धकार हुन्छ। तिनीहरूले ज्ञानगुणको कुराहरूप्रति चासो नै राख्दैन। तिनीहरू कठोर भएर कामबासनामा पनि भिजिरहेका हुन्छन्। तिनीहरूको यौन जीवन पनि विकृति र अशुद्ध भइरहेका हुन्छन् "तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएर हिँडिरहेका छन्।" एफिसी ४:१९। परमेश्वरबाट आफ्नै निर्णयले अलग भएको कारणले तिनीहरू अर्थमूलक र सार्थक जीवन बिताउन जानेको पनि हुँदैन। तिनीहरू परमेश्वरको अनुग्रहबाट टाढा छन्। त्यसको फलस्वरूप तिनीहरू पाप र दयनीय अवस्थाको चक्करमा पर्दै तलतल झरिरहेका हुन्छन्।

पापले गर्दा झन झन तल खस्किन पुगेको तपाईंको अनुभव के छ?

## २. आत्मिक पहिरणमा नाटकिय परिवर्तन

आफ्ना श्रोताहरूलाई आत्मिक परिवर्तनको कथा दोहोर्‍याएको सन्दर्भमा के मूख्य विषयबस्तु तिनीहरूलाई पावलले बुझाउन खोजेका थिए? हेर्नुहोस्,"२० तर खीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।" एफिसी ४:२०-२४।

**येशूलाई** विश्वास गर्न पुगेका अन्य जातिहरूको विगतको जीवनलाई वर्णन गर्दै (एफिसी ४:१७-१९), पावलले भन्दछन्, "येशूको बारेमा तिमीहरूले त्यसरी सिकेका होइनौ" भन्दैनन्। तर उल्लसित भएर उनले भन्दछन, " तर खीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ!" एफिसी ४:२०। तिनीहरूलाई

सम्बोधन गरिएका, "उहाँको बारेमा सुनेका," "उहाँमा सिकाइएका (एफिसी ४:२१" वा "उहाँद्वारा सिकाइएका" पावलका ती शब्दहरू अर्थमूलक छन्। खीष्टका आकारित जीवन अपनाउन आवश्यक नीति "येशूमा भएको सत्यता"को शिक्षादीक्षा ग्रहण गर्नु जरुरी भएको पावलको जिकिर छ। पावलको निम्ति येशूको विश्वासमा आउने वा येशूभावनाभावित हुने जीवनको केन्द्रविन्दु येशूसँगको व्यक्तिगत सम्बन्ध थियो। अझ उनले जल्दोबल्दो रूपमा वास्तविक येशूभक्तको जीवन नै "खीष्टलाई सिकिरहनु"मा आधारित हुनुपर्दछ। हाम्रो जीवनमा येशूले हिजो के गर्नुभयो भन्ने कुरालाईमात्र सम्झिरहने होइन आज वा बर्तमान समयमा नै हाम्रो जीवनलाई उहाँले के गरिरहनुभएको छ र सिकाइरहनुभएकोछमा आधारित भइरहनुपर्दछ। येशू मृत्युबाट जीवित हुनुभयो, अहिले पनि जीवित हुनुहन्छ र हाम्रो बीचमा र हामीमा हुनुहुन्छ भन्ने कुरालाई स्वीकार्दछौं। उहाँका शिक्षाहरू, उहाँका उदाहरण र उहाँ हाम्रो जीवित प्रभु हुनुहुन्छ भनेर देखाइरहने बफादारितामा हाम्रो जीवनको ढाँचा ढालिनुपर्दछ। उहाँको सक्रिय अगुवाइको निम्ति हाम्रा जीवनहरू खुला राखिनुपर्दछ। उहाँका पवित्र आत्मा र उहाँको वचनको निर्देशनमा हाम्रो जीवन चल्नुपर्दछ।

**येशूको ढाँचामा ढालिएको** जीवनका निम्ति तीन प्रक्रियाहरूको आवश्यक छ भनेर पावलले हामीलाई बुझाउन खोज्छन्। ती प्रक्रियाहरू हाम्रो लाउने लुगाको चित्रणमा आधारित छन्: (१) "फुकाल" वा पुरानो जीवनको ढाँचालाई त्यागिदिनुपर्दछ वा इसाई हुँ भनेर दावी गरेपछि पनि पहिलाकै स्वभावमा हिंडनु हाम्रो दावीको बेइज्जत हो। त्यसकारण "हिजोको" जीवनशैली छोड्नुपर्छ (एफिसी ४:२२; (२) भित्री हृदय, चेतना र विवेकको नविकरण गरिएको अनुभव गर्नु (एफिसी ४:२३); अब "नयाँ स्वभाव धारण गर", ईश्वरीय जीवनको अनुसरणमा चल्नुपर्छ (एफिसी ४:२४)। पुरानो करारमा लुगालाई पापको प्रतिक (भजन ७३:६; जकरिया ३:३,४; मलाकी २:१६) र मुक्तिको प्रतिकलाई (यशैया ६१:१०; इजकिएल १६:८; जकरिया ३:४,८) पावलले प्रयोग गरेको देखिन्छ।

पुरानो समयमा पुरुषहरूले घुँडासम्म आउने भित्री लुगा र दौरा व वस्त्र गलाउँथे। घामबाट सुरक्षित हुन ती खालका लुगाहरू लगाउँथ्यो। त्यसरी नै स्त्रीहरूले पनि जिउभरि छोपिने वस्त लगाउँथ्यो। वातावरण सुहाँउदो लगाउने लुगाले बाइबलको समयको संस्कार देखाउँथ्यो। वस्त्रहरू बहुमूल्य र महँगो हुन्थ्यो। तिनीहरूले लुगाहरू लामो समयसम्म राख्दथ्यो। एक जोर

भन्दा बढि लुगा राख्नु बिरलै थियो। मानिसहरूले लगाउने लुगाको गुणस्तर र ढाँचा वा स्टाइलले त्यो लगाउनेको पहिचान वा स्तर देखाउँथ्यो। लगाउने लुगामा परिवर्तन गर्नु वा एक किसिमबाट अर्को किसिमको लुगा लगाउन असाधारण थियो वा महत्त्वपूर्ण घट्ना मानिन्थ्यो। आजभोलि धेरै संस्कार वा चलनचल्तीमा विभिन्न खालको स्टाइलका लुगाहरू फेरिफेरि लगाउनु स्वभाविक मान्दछ। लगाउने वस्त्रको चित्रण पावलले वर्तमान युगको होइन तर प्रथम् शताव्त्रीको सन्दर्भमा गरेका थिए। त्यसबेला मानिसहरूले एकै खालका लुगाहरू लगाउँथे, त्यो पनि सर्वसाधारणलको एक जोर लुगामात्र हुन्थ्यो।

**खीष्टको बारेमा जान्नु र खीष्टलाई जान्न वा चिन्न सिक्नुमा के निर्णायक भिन्नता छ?**

## ३. एकताको निर्माण, अनुग्रहले भरिएको बोलीवचन

**मानिसको पहिचान, मिजास र चरित्र बोलीबचनबाट थाहा हुन्छ। पावलले विश्वासीहरूलाई येशूको इज्जत राखिरहेकाछन् भनेर मानिसहरूलाई बोलीवचनबाट थाहा दिनुपर्छ भनेर सल्लाह दिन्छन्। देहायका पदहरूमा दिएको अनुसार कुन बोलीवचन तपाईंको निम्ति अहिले नै महत्त्व भएको छ? किन? हेर्नुहोस्, "२५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्।" एफिसी ४:२५-२९।**

पावलले बारम्बार एफिसीमा रोचक लेखनशैली प्रस्तुत गर्दछन्। यसको उदाहरण एफिसी ४:२५लाई लिन सकिन्छः नकारात्मक आदेश-झूटो बोल्ने बानी छोड; अनि सकारात्मक आदेश-आफ्नो छिमेकीसँग सत्य बोल।" हामी सबै जना एउटै शरीरका अङ्गहरू हौं र एक आपसमा सम्वन्ध भएकोले एक आपसमा सत्यवादी हुनुपर्छ भन्ने उनको अर्थ हो। सत्य बोल भन्ने पावलको आह्वानले चर्चका सदस्यहरूको बीचमा तथ्य कुरो दोहोऱ्याउनु भन्न खोजिरहेको छैन। तर, पावलले जकरिया ८:१६को वचनको प्रतिबिम्बित गरेको देखिन्छ, "१६ तिमीहरूले गर्नुपर्ने काम यिनै हुन्: एक-अर्कासँग साँचो

बोल्ने गर, र आफ्ना न्यायालयमा सत्य र असल न्याय गर। १७ आफ्नो छिमेकीको विरुद्धमा खराब षड्यन्त्र नगर, र झूटा शपथ खान नरुचाओ। यी सबै कुरा म घृणा गर्दछु," परमप्रभु भन्नुहुन्छ।" जकरिया ८:१६-१७। अर्थात् सत्यवादीको नीति अपनाउनु भनेको शान्तिलाई फस्ताउन दिनु हो।

एक आपसमा रिसलाई दवाउँदै चित्त दुख्ने कुवाच्य वा रिस उठने बोलि त्यागीदेउ भनेर एफिसी ४:३१मा भनेको हुनाले एफिसी ४:२६मा विश्वासीहरूको बीचमा रिसराग राख्ने मिजासलाई पावलले अनुमती दिएको पाइन्दैन। तर, हामी मानव प्राणी भएकोले रिस त उठ्छ भन्ने सम्भाव्यतालाई पावलले नकारेको देखिन्दैन। त्यसकारण उनले भन्छन्, "२६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्।" एफिसी ४:२६-२८। अर्थात् रिसको फल पाक्न नदेउ भन्न खोजिरहेको पाउँछौं।

बोलिवचनको विषयलाई रोकेर पावलले चोरहरूको बारेमा नकारात्मक आदेश दिन्छन्। त्यसको अर्थ बिश्वासीहरूको बीचमा चोर पनि रहेछ। उनले अर्ती दिन्छन्, "चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्।" एफिसी ४:२८। चोर्ने बानीलाई छोडेर चोरहरूले आफ्नै हातले परिश्रम गरेर इमान्दारी हुनुपर्छ भन्ने उनको जिकिर छ (एफिसी ४:२८; १ कोरन्थी ४:१२, १ थेस्सोलिनिकी ४:११)। पावलको विश्वास येशूको परिवर्तन शक्तिमा बलियो भएकोले चोरहरू पनि चोर्न छोडेर आफ्नो जीवन धन्धा गर्नुमात्र होइन अरूहरूलाई पनि सहायता गर्न सकोस् भन्ने उनले कल्पना गर्दछन्।

पावलका आदेश, "तिमीहरूका मुखबाट कुवाक्य वा भ्रष्ट बोली ननिस्कोस्" (एफिसी ४:२९) भन्नुको अर्थ यस्तो विनाशकारी शब्दहरू मुखबाट नफुटोस् जुन सुन्ने मानिसको हृदयमा घाटक काम गर्दछ। चित्त दुख्ने, चित्त फाट्ने वा एक आपसमा वैमनश्यताको आगो सल्काउने वचन बोल्न रोक्नु पर्छ भन्दै त्यसको सट्टामा वैकल्पिक वोलीहरू बोल्नुपर्छ भनेर पावलले प्रस्ताब गर्छन्। ती वैकल्पिक बोलीवचनहरूले (१) एक आपसको असली सम्बन्ध निर्माण हुन्छ, (२) समय सुहाँदो मिठो वचनले सौहाद्र वातावरण बनिन्छ र

(३) सुन्नेहरूले पनि अनुग्रह मिलेको आभास् पाउँदछ (एफिसी ४:२९)। हाम्रो बोल्ने संस्कारमा ती नीतिहरू अपनाउन सके भने घरमा, चर्चमा र समाजमा कस्तो प्रभाव पार्ने होला?

## ४. विश्वासीको जीवनमा पवित्र आत्मा

**विश्वासीहरूको समूदायमा भइरहेको भ्रष्ट र कुवाच्य बोलीको पापको बारेमा छलफल गर्ने क्रममा विश्वासीहरूमा हुने पवित्र आत्माको उपस्थितिलाई के गर्नुहुन्न भन्ने अर्ती पावलले सुनाउँछन्? हेर्नुहोस्, "अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। एफिसी ४:३०।**

विश्वासीहरू सत्य र येशूको नीतिमा हिंडेन भने तिनीहरूको गति कस्तो हुनेछ भन्ने चेतावनी पनि दिँदै पावलले हृदयलाई न्यानो पार्ने प्रतिज्ञा पनि सुनाउँछन्। चर्चमा एक आपसको विरुद्धमा पापहरू गर्ने सानोतिनो कुरा होइन, परमेश्वरले हामीलाई दिनुभएको असलबोलीबचनको बरदानलाई एक आपसलाई गिराउन दुरुपयोग गर्दा विशेष गरेर पवित्र आत्मालाई चित्त हामीले दुखाइरहेका हुन्छौं (एफिसी ४:२५-२७,२९,३१,३२)। पावलको त्यो वचनले यशैया ६३:१०को प्रतिध्वनी गर्दछ, जसमा लेखिएको छ, "तिनीहरू बागी भए, र उहाँका पवित्र आत्मालाई दुःखित तुल्याए। यसैकारण उहाँ तिनीहरूका शत्रु हुनुभयो, र उहाँ आफैले तिनीहरूका विरुद्धमा लड्नुभयो।"

पावलले यो पनि सुनिश्चित दिलाउने प्रतिज्ञालाई विश्वासीहरूलाई सुनाउँछन्। जुन दिनमा तिनीहरूले येशू ख्रीष्टलाई ग्रहण गरे वा विश्वास गरे त्यस दिन तिनीहरूलाई पवित्र आत्माको छाप लगाइएको हुन्छ (एफिसी १:१३,१४)। त्यो छाप मुक्तिको दिनसम्म रहिरनेछ (एफिसी ४:३०)। विश्वासीसँग पवित्र आत्माको सम्बन्ध पिटिक्क जाने जस्तो होइन तर दिगो रहने हुन्छ। जब आफ्नो जीवनमा पवित्र आत्माको उपस्थितिलाई वेवास्ता गर्दै विश्वासीहरूले एक आपसमा गिराउन बोलीचालीको बरदानलाई दुरुपयोग गर्छन् तब पवित्र आत्मा तिनीहरूलाई छोड्नुहुन्छ भनिएको छैन तर उहाँको चित्त दुःख्छ वा मन फाट्छ भनिएको छ। येशू ख्रीष्ट यस संसारमा नफर्कुञ्जेल विश्वासीहरूमा पवित्र आत्मा रहिरहने उहाँको आशय हो। तिनीहरू परमेश्वरको हो र उहाँले सुरक्षा दिनुहुन्छ भन्ने महसुस गराउन विश्वासीहरूमा पवित्र आत्मा रहनुहुन्छ।

"परमेश्वरको पवित्र आत्मा" भनेर पावलले सम्बोधन गर्दा पवित्र आत्माको पूर्ण ईश्वरीयतालाई उनले स्वीकार गरेका थिए। पवित्र आत्माको चित्त दुःख्छ भन्दा उहाँ कुनै हावादारी अस्तित्व भएको जीव नभएर व्यक्तित्व भएको व्यक्ति विशेष परमेश्वर हुनुहुन्छ भनेर मान्नुपर्दछ (यस सन्दर्भमा हेर्नुहोस्: रोमी ८:१६,२६,२७; १ कोरन्थी २:१०,१३; १ कोरन्थी १२:११; गलाती ५:१७,१८)।

त्री-एक परमेश्वरको रहस्यको बारेमा चिन्तन गर्दा हामी धेरै होशियार हुनुपर्दछ। पवित्र आत्मा त्री-एक परमेश्वरमा एक हुनुहुन्छ भने उहाँ पिता र पुत्र भन्दा भिन्न हुनुहुन्छ। "पवित्र आत्माको आफ्नै इच्छा छ र त्यही अनुसार उहाँ चल्नु पनि हुन्छ। उहालाई चित्त दुखाउन सक्छ र उहाँका विरुद्धमा निन्दा पनि गर्न सकिन्छ। यस किसिमका अभिव्यक्तहरू केवल कुनै शक्ति वा प्रभावलाई लागु हुँदैन तर व्यक्ति विशेषलाई मात्र लागु हुन्छ। त्यसो भए पवित्र आत्मा तपाईं र म जस्तो व्यक्ति हो त? अहँ, परमेश्वरको बारेमा वाख्या गर्न हामीमाभएको सिमित शब्दहरू प्रयोग गर्छौं। कोही मानव प्राणी पनि पवित्र आत्मा हुन सक्दैन।"- पावल पिटरसन, *गड इन ३ परसन्स-इन द न्यु टेस्टामेन्ट* (सिलभर स्प्रिङ्ग, मेरिलान्डः बिब्लिकल रिसर्च, २०१५), पृ. २०।

**"परमेश्वरको पवित्र आत्मा" हामीमा यस्तो घनिष्टसँग रहनुहुन्छ कि हाम्रा क्रियाकलापले उहाँलाई असर पार्दछ। हामीमा पवित्र आत्मा हुनु भनेकै हाम्रो जीवन त्री-एक परमेश्वरको सदस्यसँग हाम्रो जीवन बाँड्नु हो र उहाँले युगको अन्तसम्म हामीलाई छाप लगाउनुहुन्छ। यस अचम्मको सत्यप्रति हाम्रो विश्वासको प्रत्युत्तर के हुनुपर्छ?**

## ५. दया (तितोपना होइन)

"दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ" (एफिसी ४:३०) भनेर पावलले सम्बोधन गर्दा आफ्नो पाठकहरूलाई यो आह्वान गर्दछन् कि येशूको दोस्रो आगमनको बारेमा ख्यालमा राखेर तिनीहरूको बोलीचाली होस्। त्यस महान् घट्ना नजिकै हुँदा हाम्रो बोलीचालीको संस्कार कस्तो हुनुपर्छ भनेर पावलले एफिसी ४:३१,३२मा सम्बोधन गरेका थिए भनेर बुझ्न सकिन्छ।

**येशू ख्रीष्टको दोस्रो आगमनलाई मध्यनजर राखेर जब हामी एक आपसमा बोलीचाली गर्छौं तब हाम्रो व्यवहार कस्तो हुनुपर्छ अर्थात् एक आपस बोल्दा के कुरा त्याग्नुपर्छ र के कुरा अङ्गाल्नुपर्छ? हेर्नुहोस्, "३० अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति**

**तिमीहरू छाप लगाइएका छौ। ३१ सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ।" एफिसी ४:३०-३१।**

एफिसी ४:१७-३२मा उल्लेख गरिएको पावलको अन्तिम अर्तीमा नकारात्मक आदेश दिएका छन्। इसाईहरूको बीचमा भएका छवटा खराब प्रवृत्ति वा तत्वहरू त्याग्नुपर्छ (एफिसी ४:३१) र त्यसको बदली सकारात्मक आदेश उनले दिँदछन्-विश्वासीहरूको बीचमा दया, कोमलता र क्षमाशीलता हुनुपर्छ जुन येशूभावनामा चल्नुपर्ने मानिसको स्वभाव हो। विश्वासीहरू एक आपसमा क्षमा दिनुपर्छ किनकि, "परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको थियो।" एफिसी ४:३२। येशूभावनामा चलेको व्यक्ति छवटा खराब तत्व वा अवगुणहरूबाट अलग हुनुपर्छ वा इसाई हुँ भन्ने व्यक्तिमा यी अवगुणहरूलाई पोषाइ राखेको छ भने उसले आफूलाई इसाई भनेर कसैलाई पनि चिनारी गर्ने हक वा अधिकार छैन। ती अवगुणहरू, तितोपना, क्रोध, रिस वा कुनियत, होहल्ला, निन्दा वा चरित्र हत्या र डाहा हुन् (एफिसी ४:३१)।

रिस, होहल्ला र निन्दा ग्रीक शब्द ब्लासफेमिया blasphemia बाट अङ्ग्रेजीमा अनुवाद गरिएको हो। यो परमेश्वरलाई हेपेर बोलीचाली गर्नु हो। तर ग्रीक भाषाको शैलीमा जब निन्दा र होहल्ला वा खराब बोलीबचन परमेश्वरको वा मानिसलाई बेइज्जत गर्न प्रयोग गरिन्छ। तितोपना, क्रोध र रिसले गर्दा रिसाहा बोली (होहल्ला र निन्दा)उत्पन्न हुन्छ। निचोडमा भन्ने हो भने इसाईहरूले आफ्नो ओठबाट बोल्ने बोली र दिमागमा गुम्साउन खराब तत्वलाई लगाम कसेर राख्नुपर्छ। जुनसुकै प्रवृत्ति जसले रिसाहा बोली र निन्दा वा आलोचना गर्ने रणनीतिहरू इसाईहरूको निम्ति विषाधी तत्वहरू हुन् र ती हटाउनैपर्छ भन्ने पावलको जिकिर छ। जब ती तत्वहरू पन्छाइन्छ तबमात्र इसाई समाजको उन्नति हुन्छ र चर्चमा एकता फस्टाउँछ (एफिसी ४:१-१६)।

खराब बोलीलाई दवाउने होइन तर त्यसको ठाउँमा असल बोली बोल्नु हो। ख्रीष्टको परिवारमा र बाहिर पनि हाम्रा बोलीचाली र क्रियाकलापहरू रिस, डाहाबाट उन्मुक्त भएर दया, कोमलता र क्षमाशीलताको भावनाले अभिप्रेरित भएको हुनुपर्दछ। क्षमाशीलता नै सबैभन्दा परमेश्वरको उच्च स्तर हो। परमेश्वरले नै ख्रीष्टमा हामीलाई क्षमा दिनुभएकोले (एफिसी ४:३२) इसाई हुँ भन्ने जो कोही पनि एक आपसमा क्षमा दिने अपेक्षा परमेश्वरले गर्नुहुन्छ। पावलले ठाडो क्षमा (परमेश्वरबाट हामीलाई) नमुनाको रूपमा प्रस्तुत गर्दछ जसले तेर्सो क्षमा एक आपसमा उपलब्ध गराउँछ। यस सन्दर्भमा देहायका

पदहरू पनि हेर्नुहोस्, "एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ।" कलस्सी ३:१३ र "हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं।... १४ किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गर्‍यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। १५ तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन।" मत्ती ६:१२,१४-१५।

**बोलीको शक्तिको बारेमा सोच्नुहोस्। तपाईंको बोली उचाल्ने वा मानिसको मनोबल उच्च पार्न, साहस दिन र विश्वासलाई टेवा दिन कसरी प्रयोग गर्न सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः** "एक आपसमा कुराकानी गर्दा त्यो त्यो कुराकानी यस्तो होस् कि तपाईंले पछुताउन नपरोस् । "परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।" एफिसी ४:३०। यदि तपाईंको हृदयमा प्रेम छ भने तपाईंको बोलीचालीले तपाईंको भाइमा हुनु पर्ने अति पवित्र विश्वासको निर्माण प्रयास गर्नुहुनेछ। तपाईंले नसोचिकन बोल्ने बोलीले तपाईंको साथी वा विश्वासी भाइको चरित्रमा धक्का हुन्छ भने त्यस खालको खराब बोलीलाई पोषाइ नराख्नुहोस् । एक आपसको चरित्रमा दाग हाल्ने कुराकानी शत्रुको काम हो। यदि तपाईंलाई बोल्नेले कसैको चरित्रलाई विगार्ने खालको छ भने यस्तो खालको कुराकानी परमेश्वरको वचनले मनाही गर्छ भनेर सम्झाउनुहोस् ।"-एलेन जी ह्वाइट, एडभेन्टिस्ट *रिभ्यु एण्ड साबथ हेराल्ड,* जुन ५,१८८८।

**यदि** तपाईं र तपाईंका विश्वासी बन्धुहरू प्रत्येकले देहायका कथनहरूप्रति प्रतिवद्धता जनाए तपाईं र तपाईंका विश्वासी बन्धुहरूमा कस्तो परिवर्तन आउँथ्यो होला?

१. सेभेन्थ-डे एडभेन्टिस्ट चर्च परिवार र बाहिरका सबै मानिसहरूसँग मेरो प्रभाव सकारात्मक, मनोबल उचाल्ने, विश्वासको निर्माण गर्ने र नैतिकतालाई उच्चस्तरमा राख्न चाहन्छु (एफिसी ४:२९)।

२. येशूको एकता र प्रेमको चाहनालाई स्मरण गर्दै मेरो बल ती मानिसहरूले गर्ने असल काम र भन्ने असल बोलीसँग प्रतिवद्धता जनाउने म प्रण गर्दछु। कतिपयले अरूको कमीकमजोरीहरूलाई औँल्याउन चाहन्छन् तर म त्यस प्रवृत्तिबाट अलग हुन चाहन्छु (यूहन्ना १३:३४,३५; यूहा १७:२०-२३; एफिसी ४:१-६; १ थेस्सोलिनिकी ५:९-११)।

३. जब म कसैसँग असहमत हुन्छु भने मेरो विश्वासी साथीप्रति मेरो कदर छ भन्ने कुरामा म स्पष्ट पार्नेछु। ख्रीष्टप्रतिको इमान्दारिता र विश्वासप्रति त्यस साथीको अडान छ भनेर म अनुमान गर्नेछु । ममाभएको फरक मत भलाद्मी, कोमल र दयापूर्वक प्रस्तुत गर्नेछु तर कर गरेर वा लाङ्ने गरेर होइन (एफिसी ४:३१,३२)।

४. जब म येशू ख्रीष्टको आगमनको निम्ति पर्खिरहन्छु तब मेरा विश्वासी बन्धुहरूसँगको सम्बन्धको निर्माणमा र तिनीहरूको प्रतिवद्धतासँग सहमत जनाउँदै म आनन्दसाथ जीवन बिताउनेछु (एफिसी ४:२९,३०; गलाती ६:२; हिब्रू १०:२४,२५)।

**चिन्तनमननः**

**अ. मानवप्राणीको निम्ति त्री-एक परमेश्वरका सदस्यहरू जुटिरहेका छन् भन्ने पावलले एफिसीको पुस्तकमा ११ पल्ट वर्णन गरेको समिक्षा गर्नुहोस्। त्री-एक परमेश्वरप्रति हाम्रो विश्वास अडिग होस् भनेर पावलले यसरी दोहोऱ्याएर चर्चा गर्दा त्यस त्री-एक परमेश्वरप्रति हाम्रो आत्मज्ञान कसरी बलियो हुन सक्छ? एफिसी १:३-१४, १:१५-२३, २:११-१८, २:१९-२२, ३:१-१३, एफिसी ३:१४-१९, ४:४,६, ४:१७-२४, ४:२५-३२, ५:१५-२०, ६:१०-२० (एफिसी ६:१०मा "प्रभु" भनेर सम्बोधन गर्दा ख्रीष्टलाई औँल्याउँदछ)।**

**आ. एफिसी ४:२५-३२मा इसाईहरूको बोलीचाली कस्तो हुनुपर्छ भनेर पावलले दिएका सल्लाह, वर्तमान कम्प्युट र युगमा कसरी प्रयोग गर्ने जसमा विभिन्न सञ्जालहरूद्वारा जान्ने वा नजान्ने गरेर दमन गर्ने र चरित्र हत्या गर्ने प्रवृत्तिहरू छ्यापछ्याप्ति भएको पाइन्छ?**

# कथा ८

# कैदीहरूलाई स्वतन्त्र पारिएको

## पोल्याण्ड, रिसजार्ई



पोल्याण्डको सुसमाचारीय कार्यक्रममा आफ्नी श्रीमतीसँग क्रिस्टोफर पनि गएका थिए। तर त्यस सुसमाचारीय कार्यक्रममा उनी निराश भएका थिए। प्रचारकले आफ्नो प्रस्तुतीभन्दा पहिले प्रायजसो छोटो भिडियो देखाउँथे तर यस कार्यक्रमा भिडियो देखाइएको थिएन। त्यो देखि क्रिस्टोफरको झनक्क रिस उठेको थियो।

घरमा क्रिस्टोफरले आफ्नी श्रीमतीलाई ठूलो ठूलो स्वरले गाली गरेर रडाको मच्चाए। यो उनकोफ बानी नै थियो। उनको त्यो बानी देखेर उनको श्रीमती पनि वाक्क भइन्। "भोली म छोराछोरीहरूलाई लिएर यो घर छोड्छु। तपाईंबाट मैले कहिल्यै पनि राम्रो कुरा सुनेको छैन," दिक्क मान्दै उनले पनि आफ्नो गुनासो पोखाइन्। सुत्न जानुभन्दा पहिले क्रिस्टोफरलाई उनले भनिन्, "तपाईंले परमेश्वरसँग प्रार्थना गरेको मैले कहिल्यै पनि सुनेको छैन। तपाईंले उहाँसँग किन प्रार्थना गर्नु हुन्न? उहाँलेमात्र तपाईंको हृदय परिवर्तन गर्न सक्नुहुन्छ।"

क्रिस्टोफर झोकिएर गाली गर्दै सुत्न गए। तर उनी सुत्न सकेन। अनि राती उनी भान्सा कोठामा गएर परमेश्वरसँग कुरा गर्न थाले, "प्रभु तपाईं हुनुहुन्छ कि हुनुहुन्न, मलाई थाहा छैन। तर म धेरै खराब मानिस हुँ। मेरी प्रिय श्रीमती र छोराछोरीहरूलाई धेरै दुःख दिन्छु। म रक्सी पिउँछु। चुरोट पिउँछु। तर यो जीवन मलाई मन पर्दैन। के तपाईंले मलाई सहयोग गर्नुहुन्छ?" परमेश्वरसँग उनले आधा घण्टा कुरा गरे तर उनले त्यस समय केही जवाफ पाएन।

भोलीपल्ट बिहान क्रिस्टोफरले बसमा चढे र आफ्नो काममा गए। बसमा उनले केही साथीहरूलाई भेटे र तिनीहरूमा गफगाफ गर्न थाले। तिनीहरूले प्रायजसो छाडा मुख छोडेर कुरा गर्थे। तर पहिलो पल्ट तिनीहरूको बोली क्रिस्टोफरलाई मन परेन। आफूलाई के भयो सो उनलाई थाहा भएन।

काममा क्रिस्टोफर र उनका साथीहरूले काम पछि पैसा उठाएर रक्सी पिउँथे। तर यस पटक उनले रक्सी पिएन। बरु उनी सिधै घर गए। "प्रभु, मेरी श्रीमतीले मलाई छोडेर नजाओस्," भनेर प्रार्थना गरे।

घरमा उनकी श्रीमतीले तिन वटा सुटकेसहरू पाक गरेर घर छोड्नै लागेकी थिइन्। "प्रिय, मलाई एउटा अर्को अवसर देऊ। के हामी नयाँ जीवन सुरु गर्न सक्छौं?" भनेर आफ्नी श्रीमतीसँग बिनम्र भएर क्रिस्टोफर कुरा गरे। "हुन्छ। म तपाईंलाई एक मौका दिन्छु," भनेर उनकी श्रीमतीले सहमत जनाइन्।

अर्को दिन आफ्नी श्रीमतीसँग क्रिस्टोफर सुसमाचार प्रचारमा गए। चुरोट खाएपछि त्यस प्रचारकलाई भने, "म बप्तिस्मा लिन चाहन्छु। मेरी श्रीमती शुक्रबार बप्तिस्मा लिनेछिन्। म पनि उनीसँग बप्तिस्मा लिनेछु।

प्रचारकलाई थाहा थियो कि यदि क्रिस्टोफरलाई बप्तिस्मा दिन अस्वीकार गरे उनले फेरि कहिल्यै पनि बप्तिस्माको निम्ति अनुरोध गर्नेछैन। उनले मन मनै प्रार्थना गरे, "प्रभु, तपाईंले के गर्नुहुन्थ्यो यदि तपाईंसँग बप्तिस्मा लिन अनुरोध गरेको भए?"

"मलाई थाहा छ कि म चुरोट खान्छु। तर शुक्रबारै म चुरोट पिउन छोड्छु भनेर म तपाईंलाई वचन दिन्छु," क्रिस्टोफरले सुनाए।

प्रचारकलाई के गर्ने के गर्ने भयो। चर्चको अरू साथीहरूले के भन्ला भनेर पनि उनी अलमलमा परे। तैपनि जे होस् भनेर उनले क्रिस्टोफर र उनकी श्रीमतीलाई बप्तिस्मा दिए।

केही समयपछि क्रिस्टोफरले आफू समस्यामा परेको थियो भनेर प्रचारकलाई सुनाए। उनी युवा अवस्था हुँदा देशको कानुन उलङ्घन गरेका थिए र मुद्दा बोकेका थिए। अब झ्यालखानामा भएका युवाहरूलाई येशूको बारेमा सुनाउन आफू चाहेका थिए भनेर उनले सुनाए।

प्रचारक सेभेन्थ-डे एडभेन्टिन्टिस्ट परिवारमा जन्मेका थिए र उनको कैदीसँग कुनै सम्पर्क थिएन। के गर्ने भनेर उनलाई थाहा भएन।

"चिन्ता नगर्नुहोस्। म झ्यालखानाको हाकिमसँग कैदीलाई भेट्न पाउँ भनेर अनुरोध गर्नेछु," क्रिस्टोफरले भने। "हुन्छ त, म पनि तपाईंसँगै जानेछु।" उनले भने। अनि मनमनै उनले प्रार्थना गरे, "कैदीहरूसँग कसरी कुरा गर्ने मलाई थाहा छैन। मलाई सहयोग गर्नुहोस्।"

झ्यालखानको हाकिमले प्रचारकलाई कडा भएर सिधै कुरा गरे, "यदि तपाईंको प्रवचन नियास्रो छ र तपाईंले बोलेको बेलामा कसैले रोक्यो भने तपाईं फेरि यहाँ फर्केर आउन पाउनु हुनेछैन।"

अब प्रचारकले झन धेरै प्रार्थना गरे, "प्रभु, यो त चुनौतिपूर्ण छ। मलाई सहयोग गर्नुहोस्।"

उनले प्रवचन बोल्ने बेलामा कैदीहरू एउटै खालका लुगा लगाएका थिए र झ्यालखानाको कोठा भरिएको थियो। तिनीहरूलाई हेर्दा नियास्रो लाग्दो थियो। आफूले तयार पारेको प्रवचनमा हेरफेर गर्नुपर्ने भन्ने तुरन्तै उनको मनमा आयो।

"साथीहरू, म यहाँ किन आएँ भनेर के तपाईंहरूलाई थाहा छ?" क्रिस्टोफरलाई औंल्याउँदै उनले सोधे। "यो मानिस पनि किशोर अवस्थामा तपाईं जस्तै थिए। भाइ क्रिस्टोफर यहाँ आउनुहोस् त।"

क्रिस्टोफर उभे र म यो सुनाए, "साथीहरू, तपाईंहरूका मर्महरू मलाई थाहा छ। म पनि असल किशोर थिइनँ। मैले धेरै नराम्रो कामहरू गरेको थिएँ। म यस झ्यालखानाबाट भाग्न खोजेको थिएँ। हेर्नुहोस् त" भनेर आफ्नो नाडी देखाउँदै भने आफू आत्महत्या गर्न खोजेको उनले बताए। "तर परमेश्वरको जय होस्। कसैले मेरो जीवनलाई बचाए। आज म तपाईंहरू सामु शुभसमाचार लिएर आउँदैछु। जब तपाईंहरू यस कैदखानाबाट मुक्त हुनुहुनेछौ तब तपाईंहरूले पहिलेकै जस्तै जीवन बिताउन सक्नुहुनेछ, वा तपाईंको जीवन परिवर्तन गरेर परमेश्वरको निम्ति जिउन सक्नुहुनेछौ। परमेश्वरलाई रोज्नुहोस् भनेर म अनुरोध गर्दछु।"

त्यसपछि क्रिस्टोफर र प्रचारक झ्यालखानामा धेरै पटक गए। एकदिन दुरसञ्चार माध्यम तिनीहरूको पछि लागे। जवान कैदीहरूले ती सञ्चार माध्यमहरूलाई सुनाए, "सेभेन्थ-डे एडभेन्टिस्टहरू हामीकहाँ आएकोले हामी धेरै खुशी छौं। तिनीहरूले हामीलाई बाइबल ल्याए। हामीसँग कहिल्यै पनि बाइबल थिएन। हामीले येशू, मुक्ति, क्षमाको बारेमा सिक्दैछौं। हामी नयाँ जीवन सुरु गर्ने अवसर पाएका छौं।" तिनीहरूको कुरा सुनेर क्रिस्टोफर र प्रचारक खुशीले गडगड भए।

प्रचारक रिसजार्ड यानोवस्कीले भने, "यो हाम्रो निम्ति खुशी र महत्त्वपूर्ण क्षण थियो। परमेश्वरले हामीलाई नयाँ जीवन दिन सक्नुहुन्छ। मानिसहरूले जे गरेतापनि परमेश्वरले तिनीहरूलाई परिवर्तन गर्न सक्नुहुन्छ। परमेश्वरले क्रिस्टोफरलाई नयाँ जीवन दिनुभयो र तपाईंहरूलाई पनि दिन सक्नुहुन्छ।" प्रचारक अहिले पोल्याण्डको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको अध्यक्ष हुनुहुन्छ र होप अन्तराष्ट्रिय टेलिभिजनको नियमित वक्ता हुनुहुन्छ।